# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०८१/०८२
च.नं. : २२६
फोन नं. ०१-४३१५७६६
मिति : २०८१/०८/२०

**प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०८१/०८/२०**

यस चन्द्रागिरि नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रम सञ्चालनका लागि यस चन्द्रागिरि नगरपालिका अन्तर्गतका वडाहरुमा व्यवसाय दर्ता गरी सञ्चालन गरिरहनु भएका इच्छुक पशुपालक कृषक समूह/निजि उद्यमीले यो सूचना प्रकाशित मितिले १५ औं (२०८१/०९/०४) दिनभित्र संक्षिप्त कार्ययोजना सहित देहाय बमोजिमका कागजातहरु राखी आवेदन पशुपन्छी विकास शाखामा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | कूल बजेट (लाख) | आवेदक | न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाख्रापालन कार्यक्रम | १० वटा | १० | स्थानीय निजि फार्म | आवेदकसँग कम्तीमा ५ माँऊ बाख्रा हुनुपर्नेछ। | कुल लागतको पुँजीगत कार्यका लागि ८०% र चालुगत कार्यका लागि ५०% अनुदान उपलब्ध गराईनेछ। |
| २ | बाख्रा प्रवर्द्धन कार्यक्रम | १ वटा | १० | कृषक समूह | कृषक समूहमा कम्तीमा १० जना सदस्य भै प्रति सदस्य ३ माँऊ बाख्रा पालेको हुनुपर्नेछ। | कुल लागतको पुँजीगत कार्यका लागि ८०% चालुगत कार्यका लागि ५०% अनुदान उपलब्ध गराईनेछ। |
| ३ | पशुपालन प्रवर्द्धन कार्यक्रम (गाई/भैंसी) चन्द्रागिरि ४ र ७ | १० वटा | १५ | निजि फार्म | आवेदकसँग कम्तीमा ३ माँऊ गाई/भैसी हुनुपर्नेछ। | आवेदकले कम्तीमा ३ गाई वा २ भैसी खरिद गर्नुपर्नेछ। कुल लागतको ५०% रकम उपलब्ध गराईनेछ। |
| ४ | पशुपालन प्रवर्द्धन कार्यक्रम (गोठ सुधार) कार्यक्रम | १० वटा | १० | निजि फार्म | आवेदकसँग कम्तीमा ३ माँऊ गाई/भैसी हुनुपर्नेछ। | कुल लागतको ८०% अनुदान उपलब्ध गराईनेछ। |
| ५ | गाईपालक कृषकहरुका लागि ५० प्रतिशत अनुदानमा Bucket milking system खरिद तथा वितरण कार्यक्रम | ३ वटा | ५ | निजि फार्म | आवेदकसँग कम्तीमा १० माँऊ गाई हुनुपर्नेछ। | कुल लागतको ५०% अनुदान उपलब्ध गराईनेछ। |

**आवेदन पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।
२. नगरपालिकाको राजश्व खातामा रु. १००/- तिरेको नगदी रसिद।
३. कृषक समूह/निजि फार्मको दर्ता प्रमाणपत्र र प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. जग्गा स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलिपि।
६. समूहको हकमा कार्यक्रममा सहभागी गराईदिने र सदस्य छनौट निर्णयको प्रतिलिपि।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. पशु विमा गरेको पोलिसिको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२०८१/०८/२०
दामोदर रिजाल
प्रशासन प्रमुख



CamScanner